# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहायबमोजिम रहेको छ ।

**क. निकायको स्वरुप र प्रकृतिः**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंक बाट इजाजतपत्र प्राप्त गरी सञ्चालित "क" वर्गको बैंक ।

**ख. निकायको काम, कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
हाल कार्यरत कर्मचारी संख्या ८३९ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पद मा कार्यरत कर्मचारीहरू मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाइट www.machbank.com मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरू ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण यस बैंकको वेबसाइट www.machbank.com मा उपलब्ध छ ।

**च. सेवाप्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदानगर्ने विभिन्नसेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट www.machbank.com मा प्रकाशित गरिएको छ ।

**छ. निर्णय गर्ने प्रकिया र अधिकारीः**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरू विभिन्न तहका अधिकारीहरूले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
ग्राहकहरूको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रिय स्तरमा श्री सन्तोष कोइरालालाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने गरी व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
**श्री सन्तोष कोइराला**
का.मु. नायब प्रमुख कार्यकारी अधिकारी
माछापुच्छ्रे बैंक लिमिटेड
एम बि एल टावर, लाजिम्पाट, काठमाण्डौं
पोष्ट बक्स नं. १२४२७
फोन नं. ०१-४४२८५५६

**झ. सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका बैंकहरूले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरू सम्पादन भइरहेको छ ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पदः**
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यस प्रकार रहेको छ ।
**श्री सन्तोष कोइराला**
का.मु. नायब प्रमुख कार्यकारी अधिकारी
माछापुच्छ्रे बैंक लिमिटेड
एम बि एल टावर, लाजिम्पाट, काठमाण्डौं
पोष्ट बक्स नं. १२४२७
फोन नं. ०१-४४२८५५६

**साथै, यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरूलाई सूचना अधिकारीको रूपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।**

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**
प्रचलित सम्पूर्ण ऐन,नियम,विनियम र निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिङ्ग कार्यका लागि प्रमुखरूपमा रहेका छन् ।
१. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन,२०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन,२०६३
८. सुरक्षित कारोबार ऐन,२०६३
९. करार ऐन, २०५६
१०. विनियम अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनियम (नियमित गर्ने) ऐन,२०१९ आदि ।
१२. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१३. नेपाल राष्ट्र बैंक बाट जारी गरीएका सम्पूर्ण निर्देशिका, परिपत्रहरू

**ठ. आम्दानी खर्च तथाआर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुंदै आएको छ भने बैंकको वेबसाइट www.machbank.com मा समेत त्यस्तो विवरण राखिएको छ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
**श्री अर्जुन थापा**
का.मु. प्रमुख कार्यकारी अधिकृत
माछापुच्छ्रे बैंक लिमिटेड
एम बि एल टावर, लाजिम्पाट, काठमाण्डौं
पोष्ट बक्स नं १२४२७
फोन नं. ०१-४४२८५५६

**साथै, सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरणः**
www.machbank.com

**ग. सार्वजनिक निकायको सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**
वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भै बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्र- पत्रिकामा प्रकाशित गरी बैंकको वेभसाइटमा समेत प्रकाशित गरिँदै आएको छ ।